बैठक नं.

आज मिति २०७७/१२/२३ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावत ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | छविलाल नेपाली | सचिव | |
| सहयोगी कर्मचारी | | | |
| १ | बालकृष्ण महतारा | ईन्जिनियर | |
| २ | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ३ | राजेन्द्र टमटा | का. स. | |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.१

प्रस्ताव नं. १ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाबाट आगामी आर्थिक वर्षः ०७८/०७९ का लागि योजनाहरु छनौट गर्नु पर्ने भएकोले सबै वडा कार्यालयहरुले मिति २०७८ बैसाख १५ गते सम्म प्रस्तावित योजना तथा कार्यक्रमहरु छनौट गरि नगरपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा विश्व भरि महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) छिमेकी मित्र राष्ट्र भारत लगायत तेस्रो मुलुकमा पुनः महामारीको रुपमा फैलिदै गएको र रोजगारको शिलशिलामा बाहिरी मुलकमा गएका मानिसहरुको फर्किने क्रम दिन प्रतिदिन बढ्दै गएको अवस्थालाई मध्ये नजर राख्दै यस कोहलपुर नगरपालिकाका सबै वडा कार्यालयहरुले उच्च सतर्कता अपनाउदै आफ्नो वडामा विदेशबाट फर्की आउने नागरिकहरुको अभिलेख तथा निगरानी राख्दै त्यस्ता व्यक्तिहरुको स्वास्थ्य अवस्थाको बारेमा नगर कार्यपालिकाको कार्यालय तथा नगर स्वास्थ्य शाखालाई नियमित रुपमा जानकारी गराउने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका क्षेत्रमा घर भाडामा लिएर बस्दै गरेका व्यक्ति, सरकारी तथा गैर-सरकारी संघ-संस्था, वैंक तथा वित्तिय संस्थाहरु र अन्य संघ संस्थाहरुले घर वाहल कर नगरपालिकाको कार्यालय लाई बुझाउदै आएको अबस्थामा आन्तरिक राजस्व कार्यालय, नेपालगंजबाट समेत नगरपालिकाको कार्यालयमा बहाल कर बुझाएका व्यक्ति, सरकारी तथा गैर-सरकारी संघ-संस्था, वैंक तथा वित्तिय संस्थाहरु लगायत अन्य संगठित संघ संस्थाहरुबाट वहाल कर अशुली गरेको पाईएको र करदाताहरु दोहोरो कर तिर्न बाध्य भएकोले सो सम्बन्धमा आबश्यक निर्देशनको लागि अर्थ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकामा भूमि सम्बन्धी समस्या समाधान आयोग ईकाई कार्यालयबाट भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन कार्य अन्तरगत सबै वडाभा आवेदन संकलनको कार्य सम्पन्न भै प्राप्त आवेदनहरुको अनलाईन प्रविष्ट तथा अभिलेखीकरणको कार्यहरु भै रहेको सन्दर्भमा अनलाईन प्रविष्टको कार्य गर्न एकदमै समय लाग्ने भएकाले सो कार्यका लागि आवश्यक पर्ने जनशक्ति थप गरी समयमा नै अनलाईन प्रविष्टिको काम सम्पन्न गर्ने र अनलाईन प्रविष्टि सम्पन्न भएको कोहलपुर-०१ बाट आवेदकहरुले हाल भोगचलन गरेको जमिनको २०७७/१२/२७ गते देखि नाप जाँचको कार्य थालनी गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा कोहलपुर नगरपालिकाका सबै वडाहरुमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लागत संकलन कार्य गरेका तथ्याङ्क संकलकहरुको पारिश्रमिक वडा कार्यालयको सिफारिस बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रममा नेपाल सरकार तोके बमोजिम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा कोहलपुर नगरपालिका साबिक रझेना, कोहलपुर (चटार) र शमशेरगंज गा.वि.स.मा रहेका गाउँ ब्लक जग्गाको नापी कार्य जिल्ला नापी कार्यालयसँग आवश्यक समन्वय गरी अगाडी बढाउने निर्णय गरियो साथै उक्त कार्यमा खटीई आउने सर्वेक्षक, अमिन लगायत प्राविधिक टोलिको सेवा सुविधा लगायत अन्य खर्च नियमानुसार नगरपालिकाको तर्फबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा कोहलपुर नगरपालिकामा भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले भोग चलन गरेको सार्वजनिक ऐलानी प्रति जमिनको नाप जाँचको कार्यलाई समयमा नै सम्पन्न गर्ने र सो कार्यका लागि आवश्यक पर्ने सर्वेक्षक, अमिन लगायत अन्य प्राविधिक जनशक्ति भूमि सम्बन्धी समस्या समाधान आयोग, केन्द्रीय कार्यालय काठमाण्डौं र जिल्ला नापी कार्यालयसँग माग गर्ने र नगरपालिकाबाट यस कामको लागि सेवा करारमा छनौट भई काममा खटीएका सर्वेक्षक, अमिन लगायत अन्य प्राविधिक जनशक्तिलाई विदाको दिनमा काम गरेमा उक्त दिनको अतिरिक्त कार्यको अतिरिक्त भत्ता र आफ्नो निजी मोटर साईकल भएका कर्मचारीलाई मासिक १० लिटर पेट्रोल ईन्धन सुविधा वापत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा कोहलपुर नगरपालिका क्षेत्रभित्रका यातायात व्यवसायिहरुसँग सवारी दुर्घटना न्युनिकरणका लागिमिति २०७७/१२/१८ गतेका दिन बसेको सर्वपक्षीय बैठकले गरेको निर्णयलाई अनुमोदम गर्ने साथै अनुसार कोहलपुर नगरपालिकामा थप नयाँ अटो रिक्साको दर्ताको कार्य आजका मिति देखि केहि समयको लागि बन्द गर्ने र सो को जानकारी सबै वडा कार्यालयहरुलाई गराउने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९मा छलफल गर्दा सव -डिभिजन वन कार्यालय कोहलपुरलाई विभिन्न जातका बिरुवाको उत्पादनका लागि बिरुवा खरिद शिर्षकमा विनियोजित शिर्षकबाट रु.२००,०००/०० (अक्षेरुपी दुई लाख रुपैंया) उपलब्ध गराउने र उक्त बिरुवा नगरपालिकाको सिफारिसमा मात्र ईलाका डिभिजन वन कार्यालयबाट वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

प्रस्ताव नं.१०मा छलफल गर्दानगर न्यायिक समितिको कामलाई व्यवस्थित र न्यायिक सुनुवाईको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउनहाल नगर कार्यपालिकाको बैठक कक्षको रुपमा प्रयोग भै आएको रहेको कक्षलाई ईजलास कक्षको रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.११

प्रस्ताव नं. ११ मा छलफल गर्दा वडा स्तरमा रहेका मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धि गरी उनीहरुको काममा प्रभावकारीता ल्याउन मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम कार्यक्रम आवश्यक बजेटको व्यवस्था गरी सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

प्रस्ताव नं.१२ मा छलफल गर्दा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितमा सहभागि हुन बाँके जिल्लाबाट छनौट भई जाने सहभागि खेलाडीहरुको लागि आवश्यक पर्ने ड्रेस, यातायात खर्च लगायत अन्य व्यवस्थापकिय कार्यका लागि जिल्ला खेलकूद विकास समिति, बाँकेलाई रु.१००,०००.०० (अक्षेरुपी एकलाख रुपैंया) उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.१३

प्रस्ताव नं. १३ मा छलफल गर्दा विश्व भरि महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) महामारीको संक्रमण रोकथामका लागि जनचेतनामूलक शन्देश एम.एम.रेडियो तथा पत्रपत्रिकामा प्रशारण गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

प्रस्ताव नं. १४ मा छलफल गर्दा कोहलपुर वडा नं.०८ मा बोयर बाखा श्रोत केन्द्र स्थापनाका लागि कोहलपुर नगरपालिकाबाट विनियोजित रकम रु.१०,००,०००/०० (अक्षेरुपी दशलाख रुपैंया) उपलब्ध गराउने र सो कार्यका लागि गठन भएको उपभोक्ता समितिसँग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

प्रस्ताव नं. १५ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको आ.व.२०७७/०७८ को सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षणको कार्य २०७८ साल बैशाख महिना भित्रमा सम्पन्न गर्ने र नगर कार्यपालिकाको कार्यालय, सबै विषयगत शखा कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडा पत्र र सुझाव पेटिका राख्ने निर्णय गरियो ।

निर्णय नं १६

प्रस्ताव नं १६ मा छलफल गर्दा आर्थिक वर्ष ०७६/०७७ मा स्विकृत कार्यक्रम तर्फ जिल्ला समन्वय समितिको अनुदान सहयोगमा यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा वडा कार्यालयहरुको भवन निर्माणाधीन अवस्थामा रहेका र वडा नं. ३ को वडा कार्यालय निर्माण सम्पन्न गरि अन्तिम भुक्तानीको लागि विल पेश गरेको तर चालु आर्थिक वर्षको स्विकृत बजेटमा उक्त योजनाको लागि रु.४५,५०,०००/- विनियोजन हुनु पर्नेमा रु.२४,२५,९७४/- मात्र विनियोजन भएको हुँदा भुक्तानी दिन कठिन भएकोले नपुग रकम रु. २१,२४,०२६/- आर्थिक बर्ष ०७७/०७८ को समपुरक कोषमा बिनियोजन भएको रकमबाट खर्च लेखि भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं. १७

चालु आर्थिक वर्ष ०७७/७८ मा सङ्घीय सरकार द्वारा हस्तान्तरित कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको निर्माण एवं संचालनको कार्यको लागि ससर्त अनुदान तर्फ विनियोजित बजेट मध्ये स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा प्रशासनिक खर्च शिर्षकमा रु. ५५,०००,००/- बजेट विनियोजन भएकोमा पौष मसान्त सम्मको तलव भत्ता लगायत अन्य प्रशासनिक शिर्षकहरुमा खर्च भई हाल आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुलाई माघ महिना देखिको तलव भत्ता तथा पारिश्रमिक भुक्तानी गर्न नसकिएको र बजेट अभावका कारण नगरपालिकाको आफ्नै श्रोतबाट तलब भत्ता भुक्तानी गर्न सकिने अवस्था नरहेको हुँदा सम्बन्धित कार्यक्रमकै स्वास्थ्य संस्था भवन निर्माण शिर्षकमा रु. ३५,०००,००/ बचत हुने देखिएकोले सोही शिर्षकबाट कर्मचारीहरुको पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं.१८

प्रस्ताव नं. १८ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको आन्तरिक आयलाई यथार्थपरक र व्यवस्थित बनाउन तथा राजश्व प्रशासनमा आवश्यक सुधार ल्याउन राजश्व प्रशासन सम्बन्धी सुधार कार्यक्रम आवश्यक बजेटको व्यवस्था गरी संचालन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.१९

प्रस्ताव नं. १९ मिति २०७७/११/११ गते नगर उप-प्रमुख श्री संजुकुमारी चौधरी ज्यूको संयोजकत्वमा बसेको स्थानीय तह नगर स्तरीय सेनेटरी प्याड वितरण व्यवस्थापन समितिको बैठकले पारित गरेका तपशिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क.) नगर युवा तथा खेलकुद शाखामा रहेको IEMIS को विवरण अनुसार कक्षा ६ देखि १२ सम्म अध्यनरत किशोरीहरुको संख्याका आधारमा बिद्यालयको खातामा रकम निकासा दिने निर्णय गरियो ।

ख.) समुदायिक बिद्यालयमा सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को परिधिमा भित्र राज बहिनि बिद्यालय स्वास्थ्य परियोजना तथा विद्यार्थी बिमा कार्यक्रम संचालनको लागि अनुमति दिने निर्णय गरियो । ।

निर्णय नं. २०

प्रस्ताव नं. २० मा छलफल गर्दा यस कोहलपुर नगरपालिकामा संचालन भएको कोभिड अस्पताल कार्यरत डा. सन्तोष बि. सी. लाई करार सम्झौता मिति देखि लागु हुने गरि मासिक तलवको १००% जोखिम भत्ता उपलब्ध गराउने र अन्य स्वास्थ्य कर्मी र कर्मचारीहरुलाई कोभिड अस्पताल कार्यरत अबधिको मासिक तलव स्केलको ५०% जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २१

प्रस्ताव नं.२१ मा छलफलगर्दा **"घ" वर्गको** निर्माण ब्यवसायी ईजाजतको लागि प्राप्त भएका निवेदनहरु मध्ये तपशिलका फर्महरुलाई **"घ" वर्गको** निर्माण ब्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो ।

**तपशिल :**

१. एन . आर. कन्स्ट्रक्सन कोहलपुर -१२ बाँके

निर्णय नं. २२

प्रस्ताव नं. २२ मा छलफल गर्दा तपशिलका टोल वस्ती र बिद्यालयमा खाने पानीको अभाव भएकोले समरशेल धारा जडान गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. श्री राधाकृष्ण प्राथमिक बिद्यालय कोहलपुर - १५ अकलघरवा बाँके
२. वडा नं. ९ भवानिपुर
३. पृथ्वी नगर टोल कोहलपुर - ०५ बाँके

निर्णय नं. २३

प्रस्ताव नं. २३ मा छलफल गर्दा गत आर्थिक वर्ष ०७६/०७७ मा बागेश्वरी ह्युमपाईप एण्ड विधुत पोल प्रा.लि. कोहलपुर १४ को नाममा जारि भएको चेक तोकिएको मितिमा साट्न नसकी उक्त प्रा. लि. ले यस कार्यालयमा फिर्ता बुझाएको हुँदा सो चेक अनुसारको रकम हिसाव मिलान गरि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २४

प्रस्ताव नं २४ मा छलफल गर्दा आर्थिक वर्ष ०७६/०७७ मा यस नगरपालिकामा स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत नगरपालिकामा संचालित योजनाहरको नगरपालिकाबाट व्यहोर्नु पर्ने रकम चालु आर्थिक वर्ष ०७६/०७७ को स्वीकृत कार्यक्रम तथा बजेटमा छुट हुन गएको हुँदा आगामी नगर सभाद्वारा अनुमोदन हुने गरी उक्त योजना तथा कार्यक्रमको बजेट हाल समपुरक कोषबाट विनियोजन गरी खर्च लेखि भुक्तानी गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत